# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## (अध्यक्षको सचिवालय)

पत्र संख्या: २०८२/०८३
चलानी नं.:

मिति: २०८२/०५/२४

**विषय: शोक बिदा सम्बन्धी सूचना ।**

मिति २०८२ भाद्र २३ गते सोमबारका दिन काठमाडौं लगायत देशका प्रमुख शहरहरुमा जेनजी (Gen-Z)ले विभिन्न माग राख्दै गरेको प्रर्दशन हिंसात्मक बन्दै बाँकेका २ जना सहित १९ जना युवा बिद्यार्थीहरुले शहादत प्राप्त गर्नु भएका साहसी जेनजी योद्धहरुलाई हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै घाईते युवा विद्यार्थीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सोमबार भएको घटना अत्यन्त पिडादायक र दु:खद छ । बालबालिकाहरुको संबैधानिक अधिकारमाथि दमन गर्ने सरकारको रवैया गम्भीर चिन्ताको विषय हो ।

यसै सन्दर्भमा आज मिति २०८२ भाद्र २४ गते मंगलबारका दिन यस नरैनापुर गाउँपालिका तथा अन्तरगतका वडा कार्यालय, सामुदायिक, संस्थागत तथा परामपरागत विद्यालय लगायतका सम्पूर्ण संस्थामा शोक बिदा दिइएको व्यहोरा सादर अनुरोध गर्दछु ।

अन्त्यमा, देशभर उठान भइरहेका जेन जी आन्दोलनले अघि सारेका माग मुद्दाहरु न्यायोचित ढंगबाट सरकारले छिटो सम्बोधन गर्न जरुरी छ । सरकार जिम्मेवार हुनु पर्छ । आजको आवश्यकता शक्ति प्रर्दशन होईन, संबेदनशीलता हो । सरकार अहंकारमा होईन, यथार्थमा आधारित निर्णय लिन अघि बढोस भन्ने दृढ अपेक्षा राख्दछु ।

.....................................
(इश्तियाक अहमद शाह)
गाउँपालिका अध्यक्ष

कार्यालय कोड नं.८०१०५५७०६ स्थायी लेखा नं.२०१३२२५७६
वेबसाइटwww.narainapurmun.gov.np
फेसबुक पेज:www.facebook.com/narainapurrmun
ईमेल-:info@narainapurmun.gov.np
narainapur.rm073@gmail.com